वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ स्याङ्जा
२०७३

पत्र संख्या : २०७७/०७८
चं नं :

गण्डकी प्रदेश, नेपाल
मिति : २०७७/०६/०८

## प्रेस विज्ञप्ति

अविरल वर्षासँगै आएको पहिरोले वालिङ १४ मा ठूलो जनधनको क्षति भएको छ । आज बिहान आएको पहिरोले वालिङ १४ तमादीस्थित एकैघरका ९ जनाले ज्यान गुमाउनुभएको छ। वालिङ १४ का ६० वर्षीया सानी नेपाली, ४८ वर्षीया माया नेपाली, ३० वर्षीय दीपक नेपाली, २८ वर्षीया उमाकला नेपाली, २१ वर्षीय कुलदीप नेपाली, १९ वर्षीया बिनिता नेपाली, १४ वर्षीय बिक्रम नेपाली, ९ वर्षीय विवश नेपाली र ७ महिनाका एक बालक गरी कूल ९ जनाले दैवि विपत्तिमा परेर ज्यान गुमाउनुभएको प्रति वालिङ नगरपालिका स्तब्ध भएको छ । शोकको यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने ईश्वरले प्रदान गरुन् भनी समवेदना ब्यक्त गर्दछौं। साथै पहिरोमा परी घाईते भई उपचाररत १६ वर्षीया मनिषा नेपालीको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। अविरल वर्षाका कारण नगरका विभिन्न ठाउँमा दैवि विपत्तिका घटनाहरु घट्न सक्ने भएकाले नगरबासीहरुमा उच्च सतर्कता अपनाउन पनि अनुरोध गर्दछौं । घटनास्थलमा उद्दार कार्यमा खटिनुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछौं।

दिलिप प्रताप खाँण
नगर प्रमुख